# लहान नगरपालिकाको १८ औं नगर सभा

**मिति : २०८३ आषाढ ०९ गते**

# नीति कार्यक्रम तथा बजेट

Scanned with OKEN Scanner

लहान नगरपालिकाको १८ औं नगर सभाको समारोहमा सहभागी हुनु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, नगर उप प्रमुखज्यू, वडा अध्यक्ष ज्यूहरु,कार्यपालिका सदस्य ज्यूहरु तथा नगरसभाका सम्पूर्ण सभा सदस्य ज्यूहरु एवं प्रमुख प्रशासकीय अधिकृत ज्यू, कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुः-

१. स्थानीय निर्वाचन २०७९ को परिणामपछि नवौ तथा यस नगरको १८ औ नगरसभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई म लहान नगरपालिकाको नगर प्रमुख तथा सभाको अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दै लहान नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/८४ को संशोधित वजेट संक्षिप्त रुपमा प्रस्तुत गर्न गईरहेको छु ।

२. यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ तथा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र तराई मधेश आन्दोलनका क्रममा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति निष्ठापूर्वक आफ्नो भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । दिवगंत आत्माको चीर शान्तिको कामनाका साथ सम्पूर्ण शहिद परिवारप्रति सम्मान व्यक्त गर्दछु । साथै विभिन्न चरणको आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरुप्रति हार्दिक सहानुभूति प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. स्थानीय निर्वाचन २०७९ को परिणामपछि यस नगरपालिकामा पदस्थापना भएपछि निर्वाचित जनप्रतिनिधिहरुले आफूलाई साझा प्रतिनिधिको रुपमा चित्रण गर्नसक्ने गरी हामीले काम अगाडि बढाइरहेका छौं । भेदभावरहित, पक्षपातरहित र सबै वर्ग, समुदाय एवं तह तप्काका लागि जनप्रतिनिधि सुखदुखको साथी बन्नुपर्छ भन्ने साझा अवधारणाले हामीले पहिलो वर्षदेखि नै आफूलाई कुनै राजनीतिक दलको प्रतिनिधि होइन, एक साझा नगर प्रमुखको रुपमा आफूलाई अगाडि सारेर विकास निर्माणका साथै शिक्षा, स्वास्थ्य, रोजगार र समतामूलक समाज निर्माणमा आफूलाई समर्पित गरेका छौं । त्यसैले निर्वाचित भएदेखिको हामीले लिएको **'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान'** भन्ने आदर्श नारालाई आफ्नो महान लक्ष्यतर्फ अगाडि बढ्ने मुल मन्त्रको रुपमा लिंदै नगरको विकासमा हामीले आफ्नो पाइला अगाडि सार्ने जमर्को गर्दै आएका छौं । यसका लागि केन्द्र र प्रदेशको सहयोगको साथ लिंदै अहिलेसम्मको नगरपालिकाको चूनौति समाधान गर्न र नगरपालिकाको सम्पूर्ण गतिविधिहरु व्यवस्थित रुपले अगाडि बढाउन आम जनसमुदाय, दातृ निकाय, कर्मचारीहरु, नगरसभाका सदस्य ज्यूहरु, साझेदार सँस्थाहरु, सञ्चारकर्मी मित्रहरु र सम्पूर्ण महानुभावहरुप्रति सहयोग र सद्भावको आशा राखेको छु ।

४. लहान नगर क्षेत्रभित्र कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार र विभिन्न किसिमको लागुऔषध दुव्यर्सनमा परेका युवाहरुलाई दुव्यर्सनमुक्त गर्न विशेष किसिमका कार्यक्रम सञ्चालन गर्ने परिकल्पना स्वरुप आर्थिक वर्ष २०८३/८४ सम्म आइपुग्दा चार वर्षको अवधिमा हामीले यसतर्फ विशेष फड्को मारेका छौं । हामीले विगत ४ वर्षमा गरेका

Scanned with OKEN Scanner

कामहरुको विश्लेषण गर्दै अबको बाँकी अवधिमा पनि थप एवं नवीनतम् कार्यहरु गर्ने लक्ष्य राखेका छौं ।

५. दलित समुदायमा अत्यन्त पिछडिएको मानिएको मुसहर समुदायका लागि लहान नगरपालिका वडा नं. १२, १३, १५, १८, १९, २०, २१ र २२ मा भान्सा र शौचालयसहित दुई वटा कोठा भएको १५९ वटा आवास गृह हस्तान्तरण गरिएको छ । यस कार्यक्रमलाई यस वर्षमा पनि १०० वटा आवास गृह बनाई हस्तान्तरण गर्ने लक्ष्य लिएको छ । गत वैशाखमा आएको हावाहुरीबाट विस्थापन भएका वडा नं. २१ का २० घरपरिवारलाई अस्थायी बसोबासको लागि तत्काल जस्ताको छानासहित बाँसको घर बनाई उद्धार गरिएको छ । दलित, सीमान्तकृत तथा विपन्न समुदायलाई लक्षित गरी नगर क्षेत्रभित्र निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन भइसकेको छ । उक्त एम्बुलेन्स सेवाले आवश्यकता महसुस गरेका अन्य नगरबासीलाई पनि सेवा दिइरहेको छ ।

६. सामुदायिक विद्यालयको लागि एक कक्षा एक शिक्षकको व्यवस्था, एक कक्षाकोठा एक पंखा, आवश्यकता अनुसारको डेक्स बेञ्चको व्यवस्था गरेर दलित, सीमान्तकृत तथा विपन्न समुदायका विद्यार्थीहरुलाई पढ्न पाउने वातावरण अभिवृद्धि गरिएको छ । यसैगरी, ४००० भन्दा बढीलाई निःशुल्क मोतियाविन्दुको शल्यक्रिया तथा २०,००० जनाको आँखाको उपचार, नगर क्षेत्रका ५००० भन्दा बढी गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण प्याकेज वितरण, दलित समुदायलाई किरिया खर्चको व्यवस्था समेत गरिएको छ ।

७. हाम्रो ४ वर्षको कार्यकालमा १६ वटा वडा कार्यालयको भवन निर्माण सम्पन्न भएको छ, ५५ किलोमिटर पिसिसी सडक, ७ किलोमिटर आरसिसी सडक, ३७ किलोमिटर ग्राभेल सडक, २० स्थानमा कालोपत्रे सडक, करिब १३ किलोमिटर पक्की नाला निर्माण, १६ वटा कल्भर्ट निर्माण, विभिन्न विद्यालयहरुमा १८९ पढ्ने कोठा निर्माण, ३ वटा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भइसकेको छ । यसैगरी, लहान बजारमा अत्याधुनिक दुर्गा मन्दिर, राम मन्दिर, आर्यघाट, नगर अस्पताल लगायतका महत्वपूर्ण पूर्वाधार निर्माण सम्पन्न हुने अवस्थामा छ भने लहान बजारमै १८ करोडको सपिङ्ग कम्प्लेक्सको निर्माण कार्य सम्पन्न भई नगरपालिकालाई हस्तान्तरण भइसकेको छ ।

८. हामीले अन्य सामाजिक कार्यलाई पनि निरन्तरता दिएका छौं । विद्यार्थी खाजा कार्यक्रम, गरिब, जेहेन्दार, दलित विद्यार्थीहरुलाई उच्च शिक्षा प्राप्त गर्न आर्थिक सहयोग, किसान तथा पशुपालकहरुलाई अनुदान तथा विभिन्न किसिमका तालिम, महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले आयआर्जनमूखी तालिम उपलब्ध गराएका छौ । यसैगरी, गम्भीर प्रकृतिका विरामीहरुलाई उपचार खर्चको व्यवस्था समेत उपलब्ध गराउँदै आएका छौं ।

Scanned with OKEN Scanner

९. मिथिला कला सँस्कृतिलाई जगेर्ना गर्दै युवाहरुलाई उत्पादनमूखी बनाउन विभिन्न सरोकारवाला निकायको साझेदारीमा स्वरोजगार अभियान सञ्चालन गर्ने र नगरपालिकाभित्र रहेका पर्यटकीय स्थलहरु सलहेश फुलवारी, व्रह्मान जंगल, पकडियागढ, देवी दह, मानिक दह, हात्तीदह, राजदेवी मन्दिर, राजाजी डाँढा, , काभ्रे महादेवस्थान लगायतका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक र धार्मिक महत्वका धरोहरहरुलाई विशेष महत्व दिई उक्त स्थानहरुमा सौन्दर्यकरणमा सहयोग गरिएको छ।

१०. कृषिमा यान्त्रिकिकरणको लागि नगरपालिका भित्रका कृषकहरुलाई सहुलियत दरमा कृषि उपकरणहरुको सेवा उपलब्ध गराउन कस्टम हाइरिङ्ग सेन्टर स्थापना गरिएको छ । यसवाट कृषि श्रमिक अभावलाई परिपूर्ति भई सहज ढंगवाट खेती गर्न मद्दत पुग्नेछ । यसैगरी, कृषि सिंचाइ सुविधा उपलब्ध गराउन कृषि सिचाई मिटर प्रयोगमा लाग्ने सम्पूर्ण विद्युत शुल्क नगरपालिकाले व्यहोर्ने क्रम जारी छ ।

११. लहान नगरपालिकामा ,विगतमा १ देखि १० वडामा खानेपानीको सुविधा भए पनि त्यो अत्यन्त अपर्याप्त थियो । उक्त अपर्याप्ततालाई हामी निर्वाचित भएदेखि नै कार्यपालिकाको मूल नेतृत्वको हिसावले मैले सुधार गर्न विभिन्न प्रयास गर्दै आइरहेको छु । यसका लागि लहान नगरपालिकाको नेतृत्वमा नेपाल खानेपानी सँस्थान, Anglian Water, Water Aid Nepal, दलित जनकल्याण युवा क्लव, लहानद्वारा संचालित 'द विकन' परियोजनामार्फत अहिले उक्त १० वटा वडामा दैनिक १२ घण्टादेखि २४ घण्टासम्म खानेपानीको पहुँच पुऱ्याइएको छ भने अन्य १४ वटा वडाहरुमा खानेपानीको पाइपलाइन जडान गर्दै धारामार्फत खानेपानीको सुविधा उपलब्ध गराउने प्रयास जारी छ । हाम्रो यसै प्रयासस्वरुप पहिले काकाकुल अवस्थामा रहेको लहान नगरपालिकाको उत्तरी क्षेत्रमा अहिले खानेपानीको सहज पहुँच पुग्न लागेको छ । यसैगरी, अबको बाँकी अवधिमा लहान नगरपालिकाभित्र शौचालय निर्माण गर्न नसकेका ४,००० घरपरिवारका लागि शौचालय निर्माण गर्न विशेष योजना ल्याइएको छ । यसको लागि 'द विकन' परियोजनाका सम्पूर्ण साझेदार सँस्थाहरुप्रति लहान नगरपालिकाको तर्फबाट म हार्दिक आभार व्यक्त गर्दछु ।

१२. आउदो आर्थिक वर्ष अर्थात आ.व. २०८३/०८४ मा सञ्चालन गरिने कार्यक्रम तथा बजेटको पूर्ण जानकारी नीति तथा कार्यक्रममार्फत यहाँहरुको हातहातैमार्फत सार्वजनिक भएकै छ । तथापी आ.व. २०८३/८४ को अनुमानित बजेटको सारसंक्षेप निम्नानुसार प्रस्तुत गरिएको छः

आगामी आ.व. २०८३/०८४ को लागि आन्तरिक श्रोततर्फ रकम रु. १६,३२,०८,५७६।३७ (सोर्ह करोड वत्तिस लाख आठ हजार पाँच सय छयत्तर रुपैया सैतिस पैसा), अ.ल्या. तर्फ रकम रु. २९,००,००,०००।०० (उन्नतीस करोड), समानिकरण अनुदान संघीयतर्फ रु. २०,६३,००,०००।०० (बीस करोड त्रिसठ्ठी लाख), सशर्त अनुदान संघीय चालुतर्फ रकम रु.

Scanned with OKEN Scanner

४४,४३,००,००।०० (चौवालिस करोड ४३ लाख), सशर्त अनुदान संघीय पुँजीगत तर्फ रकम रु. ७१,००,००।०० (एकहत्तर लाख), विशेष अनुदान संघीय पुँजीगत तर्फ रकम रु. १,७५,००,०००।०० (एक करोड पचहत्तर लाख), संघीय समपुरक अनुदानतर्फ रु. ४५,००,०००/- तथा प्रदेश समानिकरण तर्फ रकम रु. १,४४,४९,०००।०० (एक करोड चौवालिस लाख उनन्पचास हजार), सशर्त अनुदान प्रदेश पुँजीगत तर्फ रकम रु. ६०,००,०००।०० (साठी लाख), विशेष अनुदान प्रदेश पुँजीगत तर्फ रकम रु. ३०,००,०००।०० (तीस लाख), एवं संघिय राजस्व बाँडफाँड तर्फ रकम रु.१६,९०,९३,०००।०० (सोरह करोड नब्बे लाख तिरानब्बे हजार), प्रदेश राजस्व बाँडफाँड तर्फ रकम रु. १,२०,६०,०००।०० (एक करोड बीस लाख साठी हजार), मालपोत रजिष्ट्रेसन अनुमानित रकम रु. ६,००,००,०००।०० (छ करोड) समेत गरी जम्मा रकम रु. १,३९,७५,१०,५७६।३७ (एक अरब उन्नचालिस करोड पचहत्तर लाख दश हजार पाँच सय छयत्तर रुपैया सैतिस पैसा) आयतर्फ प्रस्तावित गरिएको छ भने व्ययतर्फ **पालिकाको** चालु खर्च रु. ३४,८०,००,०००/- र **संघीय सरकारको** चालुतर्फको कार्यक्रमतर्फ रु. ४४,४३,००,०००/- गरी **जम्मा चालु खर्च रु. ७९,२३,००,०००।०० (उनासी करोड तेइस लाख)** ५६.६९ प्रतिशत, र **पूँजीगत खर्च रकम रु. ६०,५२,१०,५७६।३७ (साठी करोड बाउन्न लाख दश हजार पाँच सय छयत्तर रुपैया सैतिस पैसा)** ४३.३१ प्रतिशत समेत गरी जम्मा रकम रु. १,३९,७५,१०,५७६।३७ (एक अरब उन्नचालिस करोड पचहत्तर लाख दश हजार पाँच सय छयत्तर रुपैया सैतिस पैसा) प्रस्तावित गरिएको छ ।

अन्त्यमा, यस नगरसभामा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव एवं सहयोग पुर्याउनुहुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय मन्त्री तथा सांसद ज्यूहरु, मधेश प्रदेश सरकार, प्रदेश मन्त्री, प्रदेश सभासद, लहान नगरपालिकाका कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु एवं सबै सभा सदस्य ज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी कार्यालयहरु, गैरसरकारी सँस्थाहरु, उद्योगी व्यवसायीहरु, सञ्चारकर्मीहरु, नागरिक समाज, आम नगरबासी र नगरसभा तयारीका लागि अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, प्राविधक टोली लगायत नगर कार्यपालिकाका सबै कर्मचारीप्रति आभार प्रकट गर्दै **'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान'** अभियानमा ऐक्यबद्धता तथा सहयोगको अपेक्षा सहित आफ्नो मन्तव्यलाई यही विराम गर्दछु । धन्यवाद ।

महेश प्रसाद चौधरी
नगर प्रमुख

Scanned with OKEN Scanner